प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ३२० ॥ २०८२ माघ ०९ गते शुक्रबार (23rd Jan 2026 Friday) | Pratidin National Daily | मूल्य-रु.५/-

# एउटै क्षेत्रबाट तीनजना प्रभावशाली महिला उम्मेदवार बनेपछि .....

झापा, माघ ८ । आगामी निर्वाचनका लागि न्यून संख्यामा झापामा उम्मेदवारी दिने अवसर पाएका महिला उम्मेदवारहरुले आफ्नो शक्ति प्रदर्शन गर्नुपर्ने चुनौती छ । झापाका कुल ९० जना उम्मेदवारमध्ये जम्मा १५ जना महिला उम्मेदवार छन् । संख्यात्मक हिसावले करिव १६ प्रतिशत रहेका महिला उम्मेदवारहरुको पृष्ठभूमि हेर्दा पुरुष उम्मेदवारभन्दा कम क्षमतावान छैनन् । तर एउटै क्षेत्रमा तीनजना सशक्त महिला उम्मेदवारले उम्मेदवारी दिएका छन् । झापा क्षेत्र नं २ मा निवर्तमान उपसभामुख र दुई पूर्वमन्त्रीहरु एउटै ठाउँमा भिड्न लागेका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट निवर्तमान उपसभामुख इन्दिरा राना मगर,नेपाली कांग्रेसका तर्फबाट पूर्व राष्ट्रियसभा सदस्य तथा पूर्व कृषि राज्यमन्त्री सरिता प्रसाई र पहिलो संविधान सभा सदस्य,पूर्व स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री धर्मशीला चापागाईं क्षेत्र नं २ का उम्मेदवार बनेका हुन् । निवर्तमान सभामुख देवराज घिमिरे र अघिल्लो निर्वाचनका उपविजेता राष्ट्रिय प्रजातन्त्र पार्टीका स्वागत नेपालले उम्मेदवारी दिएको यस क्षेत्रबाट ती महिला उम्मेदवारहरुलाई निर्वाचन जित्न कति सहज हुन्छ भन्ने प्रश्न देखिएको छ ।



त्यस्तै झापा क्षेत्र नं १मा राष्ट्रिय स्वतन्त्र पार्टीकी निशा डाँगीले एमालेका रामचन्द्र उप्रेती र कांग्रेसका केशवराज पाण्डेलाई कडा टक्कर दिनुपर्ने चुनौती छ । उप्रेती सहकारी विज्ञ हुन् भने युवा नेता पाण्डे कांग्रेसका जिल्ला उपसभापति हुन् ।

बिघटित प्रतिनिधि सभामा कान्छी सांसदको रूपमा रहेकी डाँगी यसअघि समानुपातिक तर्फबाट सांसद बनेकी थिइन् । उनी पहिलो पटक प्रत्यक्षतर्फ उम्मेदवार बनेकी हुन् । त्यस्तै झापा ५ मा कांग्रेसकी नयाँ अनुहार मन्धरा चिमरियालाई अझ ठूलो चुनौती छ । त्यस क्षेत्रमा एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन शाह उम्मेदवार बनेका छन् ।

महिला उम्मेदवारहरुको उम्मेदवारी हेर्दा सात दलबाट १३ तथा २ महिलाले स्वतन्त्र मनोनयन दर्ता गराएका छन् ।जसमध्ये सबैभन्दा बढी निर्वाचन क्षेत्र नं. २ मा ५ वटा राजनीतिक दलबाट ५ जना महिलाले मनोनयन दर्ता गराएका छन् । क्षेत्र नं.२ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट इन्दिरा राना मगर, नेपाली कांग्रेसबाट सरिता प्रसाई, नेपाली कम्युनिष्ट पार्टीबाट धर्मशीला चापागाई, नेपाल किसान मजदुर पार्टीबाट चन्द्रकुमारी गारु, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट अमृता लावती,क्षेत्र नं. ३ मा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट चन्द्रकला साँवा, नेपाल किसान मजदुर पार्टीबाट धर्मलक्ष्मी दुलाल र जनता समाजवादी पार्टीबाट बिनिताकुमारी राजवंशी , क्षेत्र नं. ५ मा नेपाली कांग्रेसबाट मन्धरा चिमरिया ,स्वतन्त्र रुपमा सञ्जना गौतम र शोभा भण्डारी , क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी निशा डाँगी र जनता समाजवादी पार्टीबाट रमा मेचे तथा क्षेत्र नं. ४ मा श्रम संस्कृति पार्टीबाट अमृतादेवी राई र नेपाल मजदुर किसान पार्टीबाट तुल्सीलक्ष्मी दुमरुले उम्मेदवारी दर्ता गराएका छन् ।

अघिल्लो निर्वाचनमा झापाबाट कुनै पनि महिला उम्मेदवारले चुनाव जित्न सकेनन् । मुख्य पार्टीबाट उनीहरुले उम्मेदवारी नै दिन पाएनन् । २०७४ को निर्वाचनमा झापा २ मा एमालेकी पवित्रा निरौला खरेलले निर्वाचन जितेकी थिइन् । त्यसभन्दा अगाडि २०६४ सालको पहिलो संविधान सभा सदस्य निर्वाचनमा तत्कालीन माओवादी पार्टीकी धर्मशीला चापागाईले जितेकी थिइन् । त्यसबाहेक झापाबाट संसदीय निर्वाचनमा महिला उम्मेदवारहरुले जित्न सकेका छैनन् ।

## स्वतन्त्र उम्मेदवारी दिने महिलामध्ये ४० वर्षमुनिका ६४ जना

काठमाडौँ । आसन्न प्रतिनिधिसभा निर्वाचनमा दलहरूले प्रत्यक्षतर्फ निकै थोरै महिला उम्मेदवार उठाए पनि स्वतन्त्र उम्मेदवारी दिने महिलाको संख्या उल्लेख्य छ।
निर्वाचन आयोगका अनुसार कुल ३ हजार ४ सय ८४ जनाको उम्मेदवारी परेकोमा महिलाको संख्या ३ सय ९५ मात्रै छ। यो कुल उम्मेदवारको ११.३४ प्रतिशत मात्र हो। जबकि स्वतन्त्रतर्फ १६० महिलाले उम्मेदवारी दर्ता गराएका छन्।
स्वतन्त्र उम्मेदवारी दर्ता गराउनेमध्ये ४० वर्षमुनिका ६४ जना महिला छन्। आयोगका अनुसार सबैभन्दा कम उमेरकी स्वतन्त्र महिला उम्मेदवार २५ वर्षीया रामकुमारी खड्ग हुन्। उनले सप्तरी-१ बाट उम्मेदवारी दिएकी हुन्। उमेर समूहअनुसार हेर्दा स्वतन्त्र उम्मेदवारमध्ये ४० वर्षमुनिका ६४ महिला छन्।
४० देखि ६० वर्ष उमेर समूहका ९४ जना महिलाले स्वतन्त्र रूपमा उम्मेदवारी दिएका छन्। त्यस्तै ६० वर्षमाथिका ८ जना महिलाले पनि स्वतन्त्र उम्मेदवारी दिएका छन्।
स्वतन्त्रतर्फ उम्मेदवारी दिने महिलामध्ये सबैभन्दा बढी उमेरकी उम्मेदवार ८२ वर्षीया पञ्चकुमारी मानन्धर हुन्। उनले काठमाडौं-९ बाट स्वतन्त्र उम्मेदवारी दिएकी छन्।

# २ लाख ८२ हजारलाई हात्तीपाइलेबिरूद्ध औषधी खुवाइने

भद्रपुर । झापामा हात्तीपाइले रोग बिरूद्धको १४ औं चरणको आम औषधी खुवाउने कार्यक्रम ६ वटा पालिकामा सुरूवात गरिएको छ ।

१३ औं चरणको औषधी खुवाउने कार्यक्रम सम्पन्न भएपछि पनि एक प्रतिशत बढी नागरिकमा हात्तीपाइले रोगको किटाणु देखिएका अर्जुनधारा, कनकाई नगरपालिका तथा झापा, बाह्रदशी हल्दिवारी र कचनकवल गाउँपालिकामा १४ औं चरणको आम औषधी खुवाउने कार्यक्रम सुरू गरिएको हो ।
यस अभियानमा ६ वटा पालिकाका २ लाख ८२ हजार नागरिकले औषधी सेवन गर्ने छन् भने तीन सय हाराहारीमा स्वास्थ्यकर्मी परिचालित हुने छन् । प्रतिपालिका सरदर एक करोड हाराहारी खर्च हुने अभियान विहानदेखि रातिसम्म निरन्तर खटिएर लक्षित सवै नागरिकलाई प्रत्यक्ष औषधी खुवाएर यस वर्षबाट झापा जिल्लालाई हात्तीपाइले रोगमुक्त जिल्ला बनाउन लागि परिरहेको स्वास्थ्य कार्यालय झापाका प्रमुख तेजकुमार दासले जानकारी दिए ।
डब्लुएचओका कार्यक्रम अधिकृत रविन्द्र खनियाले सहजीकरण गरेको सरोकारवालासितको छलफल कार्यक्रममा स्वास्थ्य कार्यालय झापाले प्रस्तुत गरेको विवरण अनुसार हात्तीपाइलेका कारण २३०० हाइड्रोसिल र खुट्टा सुन्निएका बिरामी रहेका छन् । यी विरामीहरूका लागि सहज जीवनशैली निर्माण गर्न आवश्यक उपचारमा समेत सरकारले निःशुल्क सेवा दिइरहेको जनाइएको छ ।
कार्यक्रममा नेपाली काँग्रेस झापाका सचिव कृष्ण हुमागाई, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सरूवा रोग नियन्त्र महाशाखाका राम रोकायाले धारणा राख्दै हात्तीपाइले उल्मूलनका लागि तल्लो तहबाटै एक जुट भएर काम गर्ने प्रतिबद्धता समेत जनाएका थिए ।
१३ वर्षयता निरन्तर झापामा हात्तीपाइले निवारणका लागि अभियान चलिरहे पनि स्थानीय सरकार तथा मातहतका कर्मचारीले सही रूपमा समन्वय गरेर काम गर्न नसक्दा हात्तीपाइले निवारणको सूचकमा असफल भएको देखिएको छ ।
हात्तीपाइले रोग रगतमा बस्ने बिचेरिया ब्रानकोफ्री नामक परजीवीबाट लाग्ने गर्छ भने लामखुट्टेको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्छ ।

## इलाममा अटो दुर्घटना हुँदा चालकको मृत्यु

झापा, माघ ८ । इलामको पानीटारमा बिहीवार बिहान अटो दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।
विहान करिब ४:३० बजे देउमाई -३, पानीटार चियाबारी नजिकैको सडकमा प्रदेश १-०१-००१ ह ९७८२ नम्बरको अटो दुर्घटना हुँदा उक्त अटो चालक देउमाई - ५, धुसेनीका वर्ष १८ का युनिश लुईटेलको मृत्यु भएको हो ।
देउमाईको जितपुरबाट मंगलबारेतर्फ जाँदै गरेको अटो स्थानीयहरुले दुर्घटना भएको अवस्थामा फेला पारेका थिए ।
गम्भीर घाइते रहेका अटो चालक लुईटेललाई उपचारको लागि प्राथमिक स्वास्थ्य केन्द्र मंगलबारेमा पुऱ्याएकोमा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# रेशम चौधरीको उम्मेदवारी खारेज

झापा, माघ ८ । कैलाली-१ बाट नागरिक उन्मुक्ति पार्टी नेपालबाट उम्मेदवारी दिएका रेशमलाल चौधरीको उम्मेदवारी निर्वाचन अधिकृतको कार्यालयले खारेज गरेको छ ।व्यक्ति हत्या अभियोगमा चौधरीले सर्वोच्च अदालतबाट जन्मकैदको सजाय पाएका थिए । उनलाई पुष्पकमल दाहाल नेतृत्वको सरकारले सजाय माफी सिफारिस गरेको थियो । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट माफी पाएका थिए ।

२०८० जेठ २ मा सर्वोच्च अदालतले टीकापुर हत्याकाण्डमा चौधरीलाई दोषी ठहर गर्दै जन्मकैदको फैसला सुनाएको थियो । त्यसको दुई साता नबित्दै गणतन्त्र दिवसका दिन राष्ट्रपतिले उनलाई सजाय माफी गरेका थिए ।
निर्वाचन अधिकृतको कार्यालयले भनेको छ, 'राष्ट्रपतिबाट सजाय माफी भएको कारणले मात्रै अदालतको फैसला बदर नहुने भएकाले उम्मेदवारी खारेजीको निर्णय गरिएको छ ।'
यसअघि आयोगले नै राजनीतिक दलसम्बन्धी ऐन र अदालतका फैसलाहरूले समेत फौजदारी कसुरमा परेका व्यक्ति पार्टीको सदस्य समेत हुन अयोग्य रहने व्यवस्था गरेकोले त्यस्तो व्यक्तिलाई अध्यक्षको रुपमा अद्यावधिक गर्न नसक्ने नमिल्ने निर्णयसमेत गरेको थियो ।

सुनसरी-२ मा रास्वपाबाट उम्मेदवारी दिएका थापाविरुद्धको उजुरी खारेज
प्रतिनिधिसभा सदस्यका लागि मंगलबार मनोनयन दर्ता गरेका थापाविरुद्ध बुधबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको थियो ।
यता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट सुनसरी क्षेत्र नं. २ मा उम्मेदवारी दिएका लालविक्रम थापाविरुद्ध परेको उजुरी खारेज भएको छ ।
प्रतिनिधिसभा सदस्यका लागि मंगलबार मनोनयन दर्ता गरेका थापाविरुद्ध बुधबार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको थियो । तर थापाविरुद्धको उजुरी दाबी नपुगेको भन्दै खारेज गरिएको सुनसरी क्षेत्र नम्बर २ का सहायक निर्वाचन अधिकृत अरुण मेहेताले जानकारी दिए । थापाविरुद्ध प्रतिनिधिसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवार सत्यनारायण पण्डितले निर्वाचन अधिकृतको कार्यालय इनरुवामा बुधबार उजुरी गरेका हुन् ।

थापाले इटहरी-९ मा रहेको जनता माध्यमिक विद्यालयलाई ७४ लाखभन्दा बढी रकम तिर्न बाँकी रहेको र लेखा परीक्षणले पनि बक्यौता रहेको ठहर गरेको उजुरीमा उल्लेख गरिएको थियो । सोबारे बिहीबार सुनवाइ गर्दै प्रमाण नपुगेको भन्दै थापाको उम्मेदवारी मनोनयन सदर भएको सहायक निर्वाचन अधिकृत मेहेताले जानकारी दिए ।थापा यसअघिको प्रतिनिधिसभाको निर्वाचनमा पनि सोही क्षेत्रबाट उम्मेदवार रहेका थिए ।

## साइबर ब्यूरोले स्वागत नेपालसंग सोधपुछ गर्दै

झापा, माघ ८ । नेपाल प्रहरीको साइबर ब्यूरोले झापा क्षेत्र नं २ मा राप्रपाबाट उम्मेदवारी दिएका स्वागत नेपाललाई सोधपुछका लागि बोलाएको छ।
राप्रपा प्रवक्ता मोहनकुमार श्रेष्ठले पार्टीका उम्मेदवार नेपाललाई सोधुपछका लागि साइबर ब्यूरोले बोलाएको पुष्टि गरेका छन्।
नेपाल यतिबेला चुनावको प्रचारप्रसारका लागि झापामै छन्। साइबर ब्यूरोले केही विषयमा सोधपुछ गर्नुपर्ने भएकाले अधिवक्ता नेपाललाई बोलाएको जनाएको छ। चुनाव प्रचारप्रसारको क्रममा रहेका पार्टीका नेतालाई अनावश्यक दुःख दिन खोजेको र चुनावी अभियानलाई प्रभावित पार्ने षडयन्त्र भएको हुनसक्ने प्रवक्ता श्रेष्ठले बताए। उनले बोलेकै आधारमा सरकारी संयन्त्रले निरुत्साहित तुल्याउने प्रपञ्च गरेको भन्दै आपत्ति समेत जनाएका छन्।
नेपालले केही समयअघि नेपाली सेनाले स्थिति नियन्त्रणमा लिएर नागरिक सरकार बनाउनुपर्छ भन्ने अभिव्यक्ति दिएका थिए।

## ओलीका अति निकट सहयोगी डा. गिरीद्वारा पार्टी परित्याग

झापा, माघ ८ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका अति निकट सहयोगी डा. रामबाबु गिरीले पार्टी परित्याग गरेका छन् । झापा ५ मा उम्मेदवार बनेका बेला डा. गिरीले साथ छोड्दा ओलीलाई झड्का लाग्ने भएको छ । डा. गिरीले झापा ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट उम्मेदवार बालेन शाहलाई सघाउने घोषणा गरेका छन्। बीएण्डसी मेडिकल कलेज टिचिङ हस्पिटलका चेयरम्यान डा. गिरी चार वर्षअघि एमालेमा प्रवेश गरेका थिए । डा. गिरीको झापा जिल्लामै बलियो पकड रहेको बताइएको छ । डा. गिरीसंगै झापा २ मा एमालेका अन्य धेरै नेता कार्यकर्ताहरुले पनि पार्टी परित्याग गर्न लागेको बुझिएको छ ।



# गायत्री मन्दिरको वार्षिकोत्सवमा भव्य कार्यक्रम हुँदै

बिर्तामोड । झापा बिर्तामोड नगरपालिका-५ मा एक बर्षअघि स्थापना भएको गायत्री माता मन्दिरको प्रथम वार्षिकोत्सवको सम्पूर्ण तयारी पूरा भएको छ । वार्षिकोत्सवको अवसरमा मन्दिर स्थापना तथा निर्माणमा सहयोग पुऱ्याउने दाताहरूलाई सम्मानसहित विशेष पूजा-अनुष्ठान, धार्मिक प्रवचन र सांस्कृतिक कार्यक्रमको तयारी पूरा भएको मन्दिर निर्माण समितिका संयोजक तथा संरक्षक रौनक बंशलले जानकारी दिएका छन् ।

वार्षिकोत्सवका अवसरमा आज माघ ९ गते साँझ ६ बजेदेखि प्रसिद्ध भजन गायक राजु अधिकारी, रोशन अधिकारी र गुञ्जन दाहालसहितको टोलीले संगीतमय भजन प्रस्तुत गर्ने कार्यक्रम रहेको छ । साथै, भव्य श्रृंगारसहित महाप्रसाद वितरण गरिने जनाइएको छ ।

त्यस्तै मन्दिर निर्माणमा सहयोग पुऱ्याउने स्थानीय सरकार, प्रदेश सरकार सहित ७५ जना दातालाई सम्मान गरिने मन्दिरका संरक्षक बंशलले जानकारी दिए ।

पूर्व नेपालमै पहिलो पटक करिब अढाई करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न गरिएको यस मन्दिरले छोटो समयमै आस्थाको केन्द्रका रूपमा परिचय बनाएको छ । मन्दिर सञ्चालनको पहिलो वर्षमै दुई लाखभन्दा बढी भक्तजनले दर्शन गरिसकेको व्यवस्थापन समितिको दाबी छ । अर्जुनधारा जलेश्वर धामपछि पूर्वकै बढी भक्तजन आउने धार्मिक स्थलका रूपमा गायत्री माता मन्दिर परिचित बन्दै गएको छ । २०८० साल जेठ १७ गते निर्माण सुरु भई २०८१ साल माघ २१ गते विधिपूर्वक प्राण-प्रतिष्ठा गरी मन्दिर सञ्चालनमा आएको थियो । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीबाट प्राण-प्रतिष्ठा गरिएको उक्त कार्यक्रममा विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पाँचदिने अनुष्ठानको उद्घाटन गरेका थिए भने जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचन गरिएको थियो ।

गत वर्ष गायत्री जयन्तीका अवसरमा नगर परिक्रमा, धार्मिक सभा र सन्ध्या आरतीसहित विशेष कार्यक्रम आयोजना गरिएको थियो, जसमा बटुक, स्काउट, विभिन्न संघ-संस्था तथा भक्तजनको उल्लेख्य सहभागिता रहेको थियो ।

मन्दिर निर्माण सम्पन्नसँगै ३१ सदस्यीय व्यवस्थापन समिति र ३१ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ । निर्माण समितिका संयोजक रौनक बंशलको संरक्षकत्वमा गठित व्यवस्थापन समितिमा विवेक अग्रवाल संयोजक, सुजित अग्रवाल सह-संयोजक, मनोज बजाज सचिव र राजेश अग्रवाल कोषाध्यक्ष रहेका छन् ।

मन्दिर व्यवस्थापन समितिले धार्मिक आस्था मजबुत बनाउँदै धार्मिक पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने लक्ष्य लिएको जनाएको छ । समितिले प्रथम वार्षिकोत्सवमा सम्पूर्ण श्रद्धालु भक्तजन, दाता, शुभेच्छुक तथा सर्वसाधारणलाई सहभागी भई कार्यक्रमको शोभा बढाइदिन आग्रह गरेको छ ।

# शुक्रबारदेखि मौसम बदली

काठमाडौँ ।पश्चिमी वायुको प्रभावका कारण शुक्रबार अपराह्नदेखि मौसम बदली हुने अनुमान गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार मुख्यगरी नेपालको पश्चिम क्षेत्रमा मौसम बदली भई मध्यमसम्म वर्षा र हिमपात हुने जनाइएको छ । विभागका मौसमविद् डेभिट ढकालले माघ ९ र १० गते शुक्रबार दिउँसोदेखि पश्चिम नेपालबाट बादल लाग्न सुरु गर्ने जानकारी दिए । उनले त्यसपछि सुदुरपश्चिम क्षेत्रको थोरै स्थानमा हल्का वर्षा सुरु हुने जनाए ।

शुक्रबार राति देशैभरका उच्च पहाडी तथा हिमाली भूभागका केही ठाउँमा मध्यमसम्म हिउँ पर्ने सम्भावना छ । उनले पश्चिमी वायुको प्रभावले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जनसहित मध्यम वर्षा हुने जानकारी दिए ।

साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जनसहित असिनाको सम्भावना रहेको पनि ढकालले बताए । शनिबार केही सुधार हुने भए पनि बदलीको असर देशभर देखिने र चिसो बढाउने विभागले जनाएको छ । मौसम बदलीको प्रभावले दैनिक जनजीवन, पर्यटन, स्वास्थ्य साथै हवाई तथा सडक यातायातमा प्रभाव पर्न सक्ने भएकाले महाशाखाबाट दैनिक जारी हुने अद्यावधिक मौसमी सूचनाको जानकारी लिन विभागले बिहीवार एक सूचना जारी गरी अनुरोध गरेको छ ।




# झापा २ मा कांग्रेसको निर्वाचन परिचालन समिति गठन

बिर्तामोड ,माघ ८ । नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं-२ का उम्मेद्वार सरिता प्रसाईले उम्मेद्वारको मुख होइन, चुनावचिन्ह रुख हेरेर मतदान गर्न क्षेत्रभरिका आम मतदातालाई अपिल गरेकी छन्।



नेपाली कांग्रेस झापा क्षेत्र नं-२ को आयोजनामा सम्पन्न कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उम्मेद्वार प्रसाईले यस्तो अपिल गरेकी हुन् । 'संसदीय निर्वाचन जितेमा अरु तहको निर्वाचन जित्न, क्षेत्रको विकासका लागि योजना तान्न सहज हुनेछ'- उम्मेद्वार प्रसाईले भनिन्-'एकजुट होऔं, मुख होइन, रुख हेरौं र मतदान गरौं ।'

नेपाली कांग्रेसका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीले पार्टीका कार्यकर्ता र जनताको भावना बमोजिम विशेष महाधिवेशनबाट पार्टीको नेतृत्व परिवर्तन भएको बताउँदै हिजो जे भएपनि वार्ता र संवादमार्फत पार्टी एकताबद्ध भएको बताए ।

'निर्वाचन भनेको पार्टीका लागि जीवन मरणको सवाल हो'-नेता शिवाकोटीले भने'हिजो के भयो ? भन्ने विर्सिएर पार्टीका उम्मेद्वारलाई जिताउन एकताबद्ध भएर लागौं ।'

अर्का केन्द्रीय सदस्य एवं समानुपातिक उम्मेद्वार उमा शिवाकोटीले विशेष महाधिवेशन हुँदा पार्टी फुट्छ कि ? भन्ने आशंका धेरै शुभेच्छुक र कार्यकर्तामा रहेपनि अहिले वार्ता र संवादमार्फत सबै एकजुट भएको बताउँदै पार्टीका उम्मेद्वारलाई जिताउन एकताबद्ध हुन आह्वान गरिन् । पार्टीले दिएको जस्तोसुकै जिम्मेवारी पूरा गर्ने प्रतिबद्धता ब्यक्त गर्दै उनले पार्टीका तर्फबाट झापा क्षेत्र नं-२ का उम्मेद्वार सरिता प्रसाईको राजनीतिक इतिहासका विषयमा चर्चा गरेकी थिइन् ।

कार्यक्रममा समानुपातिक उम्मेद्वार मनु विश्वकर्मा, नेपाली कांग्रेस विर्तामोड नगर सभापति भोजराज सिटौलालगायतले आ-आफ्ना धारणा राखेका थिए ।

नेपाली कांग्रेस झापा क्षेत्र नं-२ का सभापति खगेन्द्र मैनालीको अध्यक्षतामा सम्पन्न भेलाले मैनालीकै संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरेको छ । समितिका सदस्यहरुमा क्षेत्रभित्रका पार्टीका केन्द्रीय सदस्यहरु, कोशी प्रदेश तथा झापा जिल्ला समितिका पदाधिकारीहरु, प्रदेशसभा क्षेत्रीय सभापति, गाउँ/नगर सभापति, क्षेत्रीय सचिव, भ्रातृ तथा शुभेच्छुक संस्थाबाट एक-एकजना प्रतिनिधि सदस्य रहनेछन् ।

यसैगरी किरण श्रेष्ठको संयोजकत्वमा निर्वाचन प्रचारप्रसार समिति गठन भएको छ । समितिको सहसंयोजकमा लक्ष्मीप्रसाद आचार्य, सचिवमा रश्मिशेखर सुवेदी, गाउँ/नगर सभापतिले सिफारिस गरेका ७/७ जना प्रतिनिधि, भ्रातृ तथा शुभेच्छुक संस्थाबाट १० जना, २५ वटा वडाका वडा सभापति लगायत सदस्य रहनेछन् ।

यसैगरी कृष्ण हुमागाईको संयोजकत्वमा विष्णु खरेल, रोशन सुवेदी, जीवन पोखरेल, दिपेन्द्र ढकाल, विनोद गौतम, कुलप्रसाद संग्रौला, कृष्ण थापा सदस्य रहेको घोषणापत्र तयारी समिति गठन गरेको छ ।

यस्तै निर्वाचनको आर्थिक ब्यवस्थापनका लागि सजेश शिवाकोटीको संयोजकत्वमा आर्थिक ब्यवस्थापन समिति गठन गरिएको छ । १९ सदस्यीय आर्थिक एवं अन्य समितिहरुले आवश्यकता अनुसार सदस्य थप गरी पूर्णता दिइने क्षेत्रीय समिति सचिव चन्द्र चुडालले जानकारी दिए ।


## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश, झापा जिल्ला, कन्काई नगरपालिका वडा न.४ स्थाई ठेगाना भई हाल कन्काई नगरपालिका वडा न.४मा बस्ने इन्द्रलाल उपाध्याय पराजुलीका नाति गौरीप्रसाद उपाध्याय पराजुलीका छोरा, यदुनाथ उपाध्याय पराजुलीको मिति २०८१/११/१५गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय सुरुंगामा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोराहरु होमनाथ पराजुली र टीकावल्लभ पराजुलीले २०८२/०९/२९मा यस बैंकसमक्ष निवेदन पेश गरेको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस)दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाणसहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.



## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं ।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।



## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरु:**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

**१. हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

**२. तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

**३. भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

**४. बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

**५. आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

**६. लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

**७ सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔं, दुर्घटनाबाट जोगिऔं।



## ऋण/कर्जा चुक्ताभुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मितिः २०८२/१०/०८

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ताभुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुलउपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत सुचित गरिन्छ ।

तपसिल

| शाखा कार्यालय : बैगुनधुरा | कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा |
|---|---|
| ऋणी, धितो र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण | |
| **ऋणी :** कमल गाउँपालिका ३ नं वडा कार्यालय केरखा झापामा मिति २०८०/०६/२५ मा प्रमाण पत्र नं ५८३ अन्तरगत रजिष्ट्रड/दर्ता भएको व्यवसाय रहने स्थान कमल-३, फाल्गुनन्द टोल भएको बिन्दावाशिनी फर्माका तर्फबाट ऐ. का प्रोप्राइटर शिव प्रसाद कोइरालाको नाति सिद्धिप्रसाद कोइरालाको छोरा नागरिकता बमोजिम झापा जिल्ला शिवगञ्ज गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला शिवसताक्षी न.पा. वडा नं. ६ बस्ने मिति २०६२/०५/२१ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ०४/४३७ भएको बर्ष ४० को सरोज कोइराला । | |
| **धितो सुरक्षणको विवरण :** सरोज कोइरालाको नाममा भुमिसुधार तथा मालपोत कार्यालय दमक झापामा दर्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स. वडा नं. २ स्थित कि.नं. ३७१०, ३७१२ र ३७०८ को क्षेत्रफल क्रमश ०-८-१०, ०-७-० र ०-४-१० (बि.क.धु) को जग्गा र उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : गोमा देवी कोइराला<br>बाबु : धर्म राज रेग्मी<br>पति : सिद्धी प्रसाद कोइराला<br>ना प्र नं : ०१४२, झापा (मितिः २०४५/०२/१७)<br>ठेगाना : झापा जिल्ला, शिवगञ्ज गाउँ पञ्चायत, वडा न १, स्थायी ठेगाना भै झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ६ बस्ने । | **व्यक्तिगत जमानीकर्ता :**<br>नाम : सिद्धी प्रसाद कोइराला<br>बाबु : शिव प्रसाद कोइराला<br>बाजे : अग्नीधर कोइराला<br>ना प्र नं : १३०५०/१३७९, उदयपुर (मितिः २०४२/२/२८)<br>ठेगाना : उदयपुर जिल्ला, सोरुङछविसे गा.वि.स. ७, स्थायी ठेगाना भै झापा जिल्ला, शिवसताक्षी न.पा., वडा नं. ६ बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असली विभाग


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# चुनाव भड्किलो नहोस्

निर्वाचन आयोगले २३ देखि ३३ लाख, ३५ लाखसम्म पनि चुनावी खर्चको सीमा निर्धारण गरेको छ । खर्चको सीमा किन निर्धारण गरियो भने त्यहाँको भूगोल, जनमत र वास्तविक स्थिति विश्लेषण गरेर यति खर्च भए उम्मेदवारलाई पुग्छ भनेर खर्चको हद निर्धारण गरेको हो ।

यदि त्योभन्दा बढी खर्च गरेको देखियो भने उम्मेदवार सजायको भागीदार हुन्छ । खर्च गरेर, मत किनेर निर्वाचन जित्न पाइँदैन । निर्वाचनमा विजयी हुन पाइँदैन । निर्वाचन भनेको त निर्वाचनको मन जितेर मत प्राप्त गरेर सुशासन प्रवाह गर्ने प्रतिनिधि हो नि ।

त्यसो भएको हुँदा सीमा भन्दा बढी खर्च गर्नुहुँदैन । तोकिएको भन्दा बढी खर्च भयो भने कारबाहीको विषय हुन्छ ।

उमेदवारको अन्तिम नामावली प्रकाशित भएपछि चुनाव प्रचार सुरु हुन्छ । दलका वा स्वतन्त्र प्रत्यासी सबैको समान दायित्व र अधिकार हुन्छ । चुनाव सहज, स्वतन्त्र र निर्भय वातावरणमा हुने सुनिश्चित गर्नु राज्यको दायित्व हो । साथै, निर्वाचन आचार संहितालगायत नियम र नैतिकताको पालन गर्नु सबै उमेदवार र तिनका सहयोगीको पनि कर्तव्य हो ।

निर्वाचनमा केही पुराना र केही नयाँ उमेदवार छन् । कतिपय राजनीतिका पुराना पात्रहरू छन् भने कतिपय नयाँ छन् । उमेदवार हरूमध्ये धेरैले कुनै न कुनै दलको प्रतिनिधित्व गर्छन् भने कतिपय वैयक्तिकरूपमा उमेदवारी दिएका स्वतन्त्र उम्मेदवार पनि छन् । केही निर्वाचन क्षेत्रमा असन्तुष्टहरूले बागी उम्मेदवारका रूपमा मनोनयन दर्ता गराएका छन् ।

यस्तै अनेकौं कारणले चुनाव प्रचारप्रसारका क्रममा कटुता बढ्नसक्ने जोखिम पनि छ । अहिले कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर जाली सामग्री उत्पादन र प्रचारप्रसार हुने गरेको छ । निर्वाचन आयोगकै आयुक्तहरूमाथि अनर्गल आरोप लगाइएको श्रव्यदृश्य मग्री सामाजिक सञ्जालबाट प्रसार गरिएपछि प्रहरी कारबाहीका लागि पत्राचार गर्नुपरेको थियो ।

झापा–५ मा उमेदवारी दाखिला गर्न जाँदा मंगलवार नेकपा (एमाले) र राष्ट्रिय स्वतन्त्र पार्टीका समर्थकहरूबीच सामान्य झडप भएको थियो । तिनका नेताहरूको अभिव्यक्तिमा पनि एक अर्काविरुद्ध कटुता र लाञ्छना ध्वनित हुन थालेको छ । मतदानको दिन नजिकिँदै जाँदा यस्तो कटुता झन् बढ्न सक्छ । यसै पनि पश्चिम बङ्गालसँग जोडिएको ठाउँ हो झापा ।

यस्तो अवस्थामा निर्वाचन आयोगले बढी नै तीक्ष्ण दृष्टि संवेदनशील निर्वाचन क्षेत्रहरूमा दिनुपर्ने हुन्छ । सरकारले पनि निर्वाचन आयोगलाई आवश्यक सहयोग दिन आलटाल गर्नु हुँदैन । उमेदवार वा तिनका सहयोगीको अनुचित तथा निर्वाचन आचार संहिताविपरीतको आचरणमा उचित कानुनी कारबाही गर्न आयोग हिचकिचायो वा डरायो भने निर्वाचन शान्तिपूर्ण र स्वतन्त्र नहुनसक्छ ।

यसैले उमेदवार र तिनका सहयोगीले संयम अपनाउनुपर्छ भने निर्वाचन आयोग पनि अत्यन्त चनाखो हुनुपर्छ । पहिलो दिनदेखि नै आयोग चनाखो र सक्रिय देखियो भने नियम मिच्नेहरू हच्किनेछन् । साथै, समान आचरणका लागि असमान व्यवहार भएको देखियो भने आयोगकै नैतिकता र विश्वसनीयतामा प्रश्न उठ्नेछ । सरकारी क्रियाकलापको पनि आयोगले निगरानी गरी आवश्यक भए सचेत गराउनुपर्छ । अनिमात्र, निर्वाचन स्वच्छ, स्वतन्त्र र भयरहित हुनेछ ।

Pratidin National Daily
प्रतिदिन

तपाईं जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निर्वाचनकेन्द्रित भ्रष्टाचार चक्र : कारण, असर र समाधानका उपायहरू

• प्रा.डा. ताराप्रसाद भुसाल

विषय प्रवेश

नेपाल फेरि एकपटक निर्णायक संसदीय निर्वाचनको संघारमा उभिएको छ । यो निर्वाचन केवल सत्ता परिवर्तनको औपचारिक प्रक्रिया मात्र होइन, बरु यो नेपाली लोकतन्त्रको भविष्य निर्धारण गर्ने महत्त्वपूर्ण मोड हो । संविधानले प्रत्याभूत गरेको नियमित तथा आवधिक निर्वाचनलाई लोकतन्त्रको मेरुदण्ड मानिन्छ । यो प्रक्रियाले नागरिकहरूलाई आफ्ना प्रतिनिधि छान्ने, सरकारलाई उत्तरदायी बनाउने र राजनीतिक नेतृत्वको शान्तिपूर्ण परिवर्तन सुनिश्चित गर्ने काम गर्छ । तर वास्तविकतामा यो निर्वाचन प्रक्रिया नै आज नेपालको लोकतान्त्रिक प्रणालीका लागि सबैभन्दा ठूलो चुनौती बन्दै गएको छ ।

पछिल्ला वर्षहरूमा निर्वाचनहरू नीति, विचार र कार्यक्रमको स्वस्थ प्रतिस्पर्धाभन्दा पनि आर्थिक शक्ति, प्रभाव र पहुँचको अस्वस्थ प्रतिस्पर्धामा परिणत हुँदै गएका छन् । विचार र विकल्पको प्रतिस्पर्धाको सट्टा धन र प्रभावको होडबाजीले लोकतान्त्रिक निर्वाचनको मूल उद्देश्यलाई नै विकृत बनाएको छ । मतदाताहरूले उम्मेदवारको योग्यता, दृष्टिकोण र विगतको कामको आधारमा मत दिनुको सट्टा तात्कालिक लाभ र प्रलोभनका आधारमा निर्णय गर्न बाध्य भइरहेका छन् ।

यसै सन्दर्भमा, निर्वाचनसँग जोडिएको भ्रष्टाचार केवल व्यक्तिगत नैतिक कमजोरी वा कानुनी छिद्रको विषय मात्र नभई गहिरो प्रणालीगत तथा आर्थिक जोखिमका रूपमा देखा परेको छ । यो भ्रष्टाचारले राजनीतिक प्रणालीलाई मात्र होइन, समग्र समाज, अर्थतन्त्र र नागरिकको विश्वासलाई नै कमजोर बनाउँछ । जब निर्वाचन भ्रष्ट हुन्छ, त्यसबाट निर्वाचित सरकार पनि भ्रष्ट हुन्छ र यसले सम्पूर्ण शासन प्रणालीलाई प्रभावित गर्छ ।

नेपालमा पछिल्ला दशकहरूमा भएका निर्वाचनहरू, जस्तै वि.सं. २०७४ र २०७९ का निर्वाचनमा देखिएको आर्थिक प्रभावको बढ्दो भूमिकाले यो समस्यालाई अझ स्पष्ट पारेको छ । यी निर्वाचनहरूमा उम्मेदवार हरूले खर्च गरेको रकमको मात्रा र प्रकृतिले निर्वाचनलाई आर्थिक प्रतिस्पर्धामा बदलेको देखिन्छ । ट्रान्सपरेन्सी इन्टरनेसनल जस्ता अन्तर्राष्ट्रिय संगठनको भ्रष्टाचार धारणा सूचकांकमा नेपालको स्थिति कमजोर रहँदै आएको छ, जसले निर्वाचनका वर्षहरूमा भ्रष्टाचारको स्तर बढ्ने प्रवृत्तिलाई स्पष्ट रूपमा देखाउँछ । यसले के प्रमाणित गर्छ भने निर्वाचनका दौरान देखिने समस्या व्यक्तिगत होइन, बरु यो एक संरचनागत समस्या हो जसले दीर्घकालीन रूपमा राष्ट्रको विकासलाई बाधा पुऱ्याउँछ । निर्वाचनजन्य भ्रष्टाचारको समस्या नेताहरूको व्यक्तिगत नैतिक चरित्रमा सुधार गरेर मात्र समाधान हुन सक्दैन, किनकि यो समस्या प्रणाली नै विकृत भएको अवस्थाबाट उत्पन्न भएको हो । त्यसैले, संरचनागत र प्रणालीगत सुधारबिना यसको दिगो समाधान सम्भव देखिँदैन ।

### के हो निर्वाचन–केन्द्रित भ्रष्टाचार?

निर्वाचन–केन्द्रित भ्रष्टाचार भन्नाले राजनीतिक शक्ति प्राप्त गर्ने निर्वाचनको सम्पूर्ण प्रक्रियामा हुने अनियमितता, अपारदर्शिता र निजी स्वार्थको प्रयोगलाई जनाउँछ । यो एक व्यापक अवधारणा हो जसले निर्वाचनका सबै चरणहरूलाई समेट्छ । यसको सुरुवात राजनीतिक दलभित्र हुने उम्मेदवार छनोटबाट हुन्छ र चुनावी प्रचार, चन्दा व्यवस्थापन, मतदाता परिचालन हुँदै निर्वाचनपछिको नीति निर्माणसम्म फैलिन्छ । यसलाई संकुचित अर्थमा बुझ्दा मतदानको दिनमा हुने धाँधली वा अनियमितता मात्र बुझिन सक्छ, तर वास्तवमा यो त्योभन्दा धेरै व्यापक र जटिल परिघटना हो ।

जब चुनाव जित्न ठूलो आर्थिक लगानी आवश्यक पर्छ, तब राजनीति स्वाभाविक रूपमा नैतिकता र जनउत्तरदायित्वबाट टाढा जान थाल्छ । राजनीतिमा प्रवेश गर्न र निर्वाचन जित्न करोडौँ रुपैयाँ खर्च गर्नुपर्ने अवस्थाले राजनीतिलाई सेवाको क्षेत्रबाट व्यापारको क्षेत्रमा रूपान्तरण गरिदिएको छ । यस्तो अवस्थामा सार्वजनिक पद सेवा गर्ने अवसर नभई लगानी फिर्ता गर्ने माध्यम बन्न पुग्छ । जसले धेरै खर्च गर्छ, उसले जितेपछि त्यो खर्च फिर्ता लिन सार्वजनिक पदको दुरुपयोग गर्नै पर्छ भन्ने आर्थिक तर्क बन्छ । यही अवस्थाले भ्रष्टाचारलाई व्यक्तिगत कमजोरी नभई प्रणालीगत बाध्यता बनाउँछ ।

निर्वाचन भ्रष्टाचार भनेको मतदानको दिनमा हुने सीमित अनियमितता मात्र होइन । यो एक पूर्ण चक्र हो जसले उम्मेदवार छनोटदेखि निर्वाचन अभियान, मत संकलन र निर्वाचनपछिको शासनसम्मका सबै चरणहरूलाई समेट्छ । राजनीतिक अर्थशास्त्रमा यसलाई निर्वाचन भ्रष्टाचार चक्र भनिन्छ । यस चक्रको केन्द्रबिन्दु महँगो राजनीति हो । जब राजनीति अत्यधिक खर्चिलो बन्छ, तब शासन व्यवस्था स्वाभाविक रूपमा विकृत र भ्रष्ट बन्दै जानछ ।

नेपालमा यो समस्या क्रमशः गहिरो र संस्थागत हुँदै गएको छ । पहिलेको तुलनामा हालका निर्वाचनहरूमा खर्चको मात्रा कैयौँ गुणा बढेको छ । यस चक्रले निर्वाचनलाई लोकतान्त्रिक प्रक्रियाबाट टाढा लगेर आर्थिक सौदाबाजीको माध्यम बनाएको छ । उदाहरणका लागि, जब उम्मेदवारले करोडौँ खर्च गरेर जित्छन्, तब उनीहरूको प्राथमिकता जनसेवाभन्दा लगानी फिर्ता हुन्छ । यसले नीतिगत निर्णयहरूलाई निजी स्वार्थअनुकूल बनाउँछ ।

यो चक्रले सामान्य नागरिकलाई राजनीतिबाट टाढा राख्छ र वास्तविक प्रतिनिधित्वको अभाव सिर्जना गर्छ । जब राजनीति करोडपतिहरूको खेल बन्छ, तब साधारण नागरिक, बुद्धिजीवी, शिक्षक, डाक्टर, इन्जिनियर जस्ता पेसाकर्मीहरू राजनीतिमा प्रवेश गर्न सक्दैनन् । अन्ततः यसले लोकतन्त्रका आधारभूत मूल्यहरू जस्तै- समानता र उत्तरदायित्वलाई कमजोर बनाउँछ । नेपालमा यो समस्या बढ्दै जाँदा राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रसमेत कमजोर बन्दै गएको छ । दलभित्र निर्णय गर्ने शक्ति आर्थिक सामर्थ्य भएका व्यक्तिहरूमा केन्द्रित हुँदै गएको छ ।

### पहिलो चरणः उम्मेदवार छनोट तथा टिकट वितरणमा भ्रष्टाचार

लोकतान्त्रिक सिद्धान्तअनुसार राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्दा योग्यता, जनसम्पर्क, वैचारिक प्रतिबद्धता र सार्वजनिक सेवाको अनुभवलाई मुख्य आधार बनाउनुपर्छ । उम्मेदवार छनोटको प्रक्रिया पारदर्शी, समावेशी र प्रतिस्पर्धात्मक हुनुपर्छ जहाँ योग्य र इमानदार व्यक्तिहरूले अवसर पाउन सकून् । लोकतन्त्रको सफलता यस कुरामा निर्भर गर्छ कि राजनीतिक दलहरूले कस्ता व्यक्तिहरूलाई उम्मेदवार बनाउँछन् । तर, नेपालमा व्यवहारतः टिकट वितरणको मुख्य मापदण्ड 'जित्ने क्षमता' बनेको छ, जसमा जनसमर्थनभन्दा आर्थिक सामर्थ्य, गुटगत प्रभाव र निर्वाचन खर्च जुटाउने क्षमता बढी महत्त्वपूर्ण मानिन्छ । यहाँ जित्ने क्षमता भन्नाले वास्तवमा पैसा खर्च गरेर मत किन्न सक्ने सामर्थ्य बुझ्न थालिएको छ ।

यसलाई अन्तर्राष्ट्रिय राजनीतिक साहित्यमा टिकटको मुद्रीकरण वा राजनीतिक प्रवेश शुल्क भनिन्छ । यस प्रवृत्तिले योग्य तर आर्थिक रूपमा कमजोर व्यक्तिहरूलाई राजनीतिबाट पूर्ण रूपमा बाहिर राख्छ र वंशानुगत तथा सम्भ्रान्त वर्गको राजनीतिक कब्जालाई बढावा दिन्छ । धनी परिवारका सन्तान र व्यापारीहरू राजनीतिमा सजिलै प्रवेश गर्न सक्छन्, तर मध्यम वर्गका योग्य व्यक्तिहरू पाखा लाग्छन् । यसले राजनीतिलाई सीमित वर्गको एकाधिकारमा रूपान्तरण गर्छ ।

नेपालमा यो समस्या स्थापित प्रमुख राजनीतिक दलहरूमा मात्र नभएर नयाँ भनिएका दलहरूमा पनि देखिन्छ, जहाँ टिकट प्राप्त गर्नका लागि ठूलो रकम वा प्रभाव प्रयोग गर्नुपर्ने अवस्था छ । विभिन्न निर्वाचनहरूमा टिकट बिक्री भएको आरोप लाग्ने गरेको छ । केही क्षेत्रमा उम्मेदवारले दलको केन्द्रीय नेतृत्वलाई लाखौँ रुपैयाँ बुझाएर टिकट प्राप्त गरेको भन्ने चर्चा सार्वजनिक रूपमै सुनिने गर्छ । यसले राजनीतिक परिधिलाई सीमित स्वार्थ समूहमा बाँध्छ र समावेशी प्रतिनिधित्वमा बाधा पुऱ्याउँछ ।

अन्तर्राष्ट्रिय रूपमा भारत र पाकिस्तानमा पनि यस्ता अभ्यासहरूले राजनीतिलाई धनीहरूको खेल बनाएका छन् । भारतमा राजनीतिक प्रवेश शुल्कको चर्चा सार्वजनिक रूपमै हुने गरेको छ । नेपालमा यसले महिला, युवा र अल्पसंख्यक समुदायलाई राजनीतिबाट टाढा धकेलेको छ । यी समुदायका व्यक्तिहरूसँग प्रायः आर्थिक स्रोत कम हुन्छ र प्रभावशाली सञ्जालमा पहुँच हुँदैन, जसका कारण उनीहरूलाई टिकट प्राप्त गर्न कठिन हुन्छ ।

यो चरणले निर्वाचनको आधार नै विकृत बनाउँछ, जसले गर्दा निर्वाचित प्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुँदैनन् । जब उम्मेदवारले जनताको समर्थनले नभई दलीय नेतृत्वको कृपा वा आर्थिक लेनदेनमा टिकट पाउँछन्, तब उनीहरूको उत्तरदायित्व जनताप्रति नभई दलीय नेतृत्व वा लगानीकर्ताप्रति हुन्छ । यो प्रवृत्तिले राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्रलाई कमजोर बनाउँछ र गुटबन्दीलाई संस्थागत गर्छ । दलभित्र विभिन्न गुटहरू टिकट वितरणको अधिकार हत्याउन संघर्ष गर्छन्, जसले अन्ततः दललाई विभाजित र कमजोर बनाउँछ ।

### दोस्रो चरणः महँगो निर्वाचन अभियान र अनावश्यक खर्च

यो चरण टिकट प्राप्त भएपछि सुरु हुन्छ । यसमा उम्मेदवारले अत्यधिक खर्च गर्छन् । यो चरण भ्रष्टाचार चक्रको सबैभन्दा दृश्यमान र प्रभावकारी भाग हो । प्रचार सामग्री, सवारी साधन, भोजभतेर, सामाजिक सञ्जालमा सशुल्क प्रचार, प्रभावशाली व्यक्तिको प्रयोग तथा प्रत्यक्ष वा अप्रत्यक्ष नगद वितरण जस्ता क्रियाकलापहरू व्यापक बन्दै गएका छन् ।

आधुनिक निर्वाचन अभियानमा विभिन्न खालका खर्चहरू समावेश हुन्छन् । पहिलो, प्रचार सामग्री जस्तै पोस्टर, ब्यानर, पर्चा, लुगा र टोपी आदिमा लाखौँ खर्च हुन्छ । दोस्रो, सवारी साधन भाडामा लिने र इन्धनमा ठूलो रकम खर्च हुन्छ । तेस्रो, भोजभतेरको नाममा मतदातालाई प्रत्यक्ष रूपमा प्रलोभन दिइन्छ । चौथो, सामाजिक सञ्जालमा सशुल्क प्रचारको खर्च तीव्र गतिमा बढिरहेको छ । पाँचौँ, प्रभावशाली व्यक्ति र चर्चित कलाकारहरूलाई प्रचारका लागि रकम तिरिन्छ । छैटौँ, कार्यकर्ताहरूलाई दैनिक भत्ता र प्रोत्साहनको नाममा पैसा वितरण गरिन्छ । सातौँ, मतदातालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नगद वितरण गरिन्छ । यसलाई मत खरिद र राजनीतिक संरक्षणवादको रूपमा चिनिन्छ । नेपालजस्तो कम आय भएको अर्थतन्त्रमा यस्ता अभ्यासहरूले मतदाताको स्वतन्त्र निर्णय क्षमतामाथि गम्भीर प्रहार गर्छन् र निर्वाचनलाई सच्चा जनअभिमतको अभिव्यक्ति हुनबाट रोक्छन् । जब मतदाताले तात्कालिक लाभ (पैसा, सामान वा सेवा) को आधारमा मतदान गर्छन्, तब निर्वाचनको परिणाम उम्मेदवारको योग्यता वा कार्यक्रमको आधारमा नभई आर्थिक शक्तिको आधारमा निर्धारण हुन्छ ।

निर्वाचन आयोगले निर्धारित गरेको खर्च सीमाभन्दा धेरै गुणा बढी खर्च हुने गरेको छ । विभिन्न अध्ययनहरूले देखाएका छन् कि वास्तविक खर्च निर्वाचन आयोगले तोकेको सीमाभन्दा ५ देखि १० गुणासम्म बढी हुन्छ । कतिपय निर्वाचन क्षेत्रमा एक जना उम्मेदवारले करोडौँ रुपैयाँसम्म खर्च गरेको सुनिन्छ । यस्तो खर्चले मतदातालाई प्रलोभनमा पारेर लोकतान्त्रिक प्रक्रियालाई विकृत बनाउँछ । ल्याटिन अमेरिकाका देशहरूमा यस्ता अभ्यासहरूले लोकतन्त्रलाई औपचारिक बनाए पनि वास्तविक विकास रोकेको छ । मेक्सिको, ब्राजिल र अर्जेन्टिनामा मत खरिदको संस्कृतिले राजनीतिलाई भ्रष्ट बनाएका उदाहरण छन् ।

पछिल्ला निर्वाचनहरूमा नेपालमा सामाजिक सञ्जालको बढ्दो प्रयोगले सशुल्क प्रचारलाई अझ प्रभावकारी बनाएको छ । फेसबुक, टिकटक, एक्स, इन्स्टाग्राम, युट्युब र अन्य माध्यमहरूमा लाखौँ रुपैयाँ खर्च गरी लक्षित प्रचार गर्ने चलन बढेको छ । यस चरणले निर्वाचनलाई असन्तुलित बनाउँछ, जहाँ आर्थिक रूपमा बलिया उम्मेदवारहरूले मात्र जित्ने सम्भावना रहन्छ । यसले गरिब तथा ग्रामीण क्षेत्रका मतदातालाई विशेष प्रभावित गर्छ, जहाँ थोरै रकमले पनि मतदाताको निर्णयलाई बदल्न सक्छ । अन्ततः यो अभियानले निर्वाचनलाई लोकतान्त्रिक उत्सवबाट आर्थिक प्रतिस्पर्धामा बदल्छ । निर्वाचन जित्ने आधार उम्मेदवारको योग्यता, विगतको काम र भविष्यको योजना नभई कति पैसा खर्च गर्न सक्छ भन्ने कुरामा निर्भर हुन्छ ।

### तेस्रो चरणः निर्वाचनपछिको खर्च असुली तथा प्रशासनिक भ्रष्टाचार

निर्वाचन जितेपछि सबैभन्दा खतरनाक चरण सुरु हुन्छ- खर्च असुलीको राजनीति । यो चरण भ्रष्टाचार चक्रको सबैभन्दा विध्वंसक भाग हो किनभने यसले सीधै शासन र नीति निर्माणलाई प्रभावित गर्छ । ठूलो लगानी गरेर जितेका उम्मेदवारहरूले त्यो रकम फिर्ता लिन सार्वजनिक पदको दुरुपयोग गर्छन् । उनीहरूका लागि यो बाध्यात्मक जस्तै बन्न पुग्छ । जसले करोडौँ खर्च गरेको छ, उसले त्यो फिर्ता लिनै पर्छ, नत्र उसको राजनीतिक भविष्य संकटमा पर्छ । यसबाट विकृत नीति, सार्वजनिक खरिदमा भ्रष्टाचार, ठेक्कापट्टामा मिलेमतो, नियुक्ति तथा सरुवामा सौदाबाजी तथा दलाली र अनुचित लाभ आर्जन जस्ता क्रियाकलापहरू बढ्छन् ।

यस चरणमा पहिलो अवस्थामा, निर्वाचित प्रतिनिधिहरूले नीति तथा कानुन निर्माण गर्दा जनहितभन्दा आफ्ना चन्दादाताहरू र समर्थकहरूको हितलाई प्राथमिकता दिन्छन् । उदाहरणका लागि, कर नीति, व्यापार नीति, भन्सार नीति, आयात-निर्यात नियमन जस्ता क्षेत्रमा निर्णय गर्दा ठूला व्यापारीहरू र चन्दादाताहरूको फाइदा हुने गरी निर्णय लिइन्छ ।

दोस्रो, सार्वजनिक खरिद प्रक्रियामा भ्रष्टाचार व्यापक हुन्छ । सडक, पुल, भवन निर्माण, सामान खरिद जस्ता परियोजनाहरूमा भएको खर्चको ठूलो हिस्सा कमिसन र घुसको रूपमा राजनीतिक नेताहरू र उनीहरूका सहयोगीहरूलाई फिर्ता जान्छ । यसले परियोजनाको गुणस्तर घटाउँछ र सार्वजनिक स्रोतको दुरुपयोग हुन्छ ।तेस्रो, ठेक्कापट्टामा मिलेमतो व्यापक हुन्छ । योग्य र अनुभवी ठेकेदारहरूभन्दा राजनीतिक सम्बन्ध भएका व्यक्तिहरूले ठेक्का पाउँछन् । यसले परियोजना समयमै सम्पन्न हुन र गुणस्तरीय काम हुनमा बाधा पुऱ्याउँछ ।

चौथो, नियुक्ति तथा सरुवामा सौदाबाजी हुन्छ । सार्वजनिक पदमा नियुक्ति र सरुवा गर्दा योग्यता र क्षमताको आधारभन्दा राजनीतिक सम्बन्ध र पैसाको आधारमा निर्णय लिइन्छ । यसले प्रशासनलाई कमजोर र अक्षम बनाउँछ ।

पाँचौँ, अनुचित लाभ लिने संस्कृति बढ्छ । राजनीतिक शक्ति प्रयोग गरेर आर्थिक लाभ उठाउने प्रवृत्ति बलियो हुन्छ । इजाजतपत्र वितरण, प्राकृतिक स्रोतहरूको दुराशयपूर्ण प्रयोग, करमा छुट र नियामक निर्णय जस्ता क्षेत्रमा पैसाको लेनदेन हुन्छ । ब्राजिलको लावा जाटो घोटाला तथा दक्षिण अफ्रिकाको राज्य कब्जा प्रकरण यसका जीवन्त उदाहरण हुन् । ब्राजिलमा पेट्रोब्रासको माध्यमबाट अर्बौँ डलर भ्रष्टाचार भएको थियो, जसमा राजनीतिक दलहरू र ठूला निर्माण कम्पनीहरू संलग्न थिए । दक्षिण अफ्रिकामा गुप्ता परिवारले राजनीतिक नेताहरूलाई प्रभावित गरेर राज्य संयन्त्रलाई नै नियन्त्रण गरेको पाइएको थियो ।

नेपालमा पनि अकुत पैसा खर्च गरी जितेका नेताहरूले सार्वजनिक खरिद र ठेक्कामा प्रभाव पार्ने गरेको आरोप लाग्ने गरेको छ । विभिन्न आयोजनाहरूमा कमिसनको दर ५ देखि २० प्रतिशतसम्म रहने गरेको अनौपचारिक रूपमा सुनिन्छ । यसले साँठगाँठपूर्ण पुँजीवादलाई प्रोत्साहन दिइरहेको छ । राजनीतिक सम्बन्ध भएका व्यापारीहरू मात्र फस्टाउँछन् भने स्वतन्त्र र प्रतिस्पर्धी व्यापारीहरू पछाडि पर्छन् । यो चरणले शासन व्यवस्थालाई जनहितबाट टाढा लगेर निजी स्वार्थमा केन्द्रित गर्छ ।

उदाहरणका लागि, नीतिहरू दाताहरू अनुकूल बनाइन्छन् । कृषि नीति, औद्योगिक नीति, श्रम नीति जस्ता क्षेत्रमा साधारण नागरिकको हितभन्दा शक्तिशाली समूहहरूको हितलाई प्राथमिकता दिइन्छ । यसले सार्वजनिक स्रोतको दुरुपयोग बढाउँछ र विकास परियोजनाहरू प्रभावित हुन्छन् । विद्यालय, अस्पताल, सडक, खानेपानी जस्ता आधार भूत सेवाहरूको विकासमा बाधा पुग्छ । नेपालमा यो प्रवृत्तिले बजेट विनियोजनलाई विकृत बनाएको छ । दीर्घकालीन र उत्पादक परियोजनाहरूभन्दा अल्पकालीन र दृश्यमान परियोजनाहरूलाई प्राथमिकता दिइन्छ । निर्वाचनी वाचाहरू पूरा गर्ने दबाबले आर्थिक रूपमा व्यवहार्य नभएका परियोजनाहरू पनि सुरु गरिन्छन् । अन्ततः यो चरणले भ्रष्टाचारको चक्रलाई पूर्ण बनाउँछ- जसले धेरै खर्च गर्छ, उसले धेरै कमाउँछ र अर्को निर्वाचनका लागि फेरि धेरै खर्च गर्ने क्षमता राख्छ ।

### भ्रष्टाचारको दीर्घकालीन आर्थिक तथा संस्थागत प्रभाव

निर्वाचन-केन्द्रित भ्रष्टाचारले अर्थतन्त्रमा गहिरो र दीर्घकालीन असर पार्छ । यो प्रभाव तात्कालिक मात्र नभई पुस्तौँसम्म निरन्तर रहन्छ । पहिलो, बजेट प्राथमिकता जनहितभन्दा राजनीतिक स्वार्थतर्फ ढल्किन्छ । सरकारी खर्चको निर्णय गर्दा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार जस्ता क्षेत्रमा दीर्घकालीन लाभको आधारमा भन्दा राजनीतिक लाभका आधारमा गरिन्छ । निर्वाचन क्षेत्रमा दृश्यमान परियोजना गर्न प्राथमिकता दिइन्छ, चाहे त्यो आर्थिक रूपमा व्यवहार्य होस् वा नहोस् ।

दोस्रो, उत्पादक क्षेत्रमा लगानी घट्छ र अल्पकालीन लोकप्रिय परियोजनामा अनावश्यक खर्च बढ्छ । दीर्घकालीन रूपमा अर्थतन्त्रलाई बलियो बनाउने शिक्षा, अनुसन्धान, प्रविधि, सीप विकास जस्ता क्षेत्रमा लगानी कम हुन्छ । यसको सट्टा सडक कालोपत्रे, भवन निर्माण, वितरणमूलक कार्यक्रम जस्ता तात्कालिक दृश्यमान तर दीर्घकालीन रूपमा कम उत्पादक क्षेत्रमा खर्च बढ्छ ।

तेस्रो, यसले सार्वजनिक ऋण, मुद्रास्फीति तथा आर्थिक अस्थिरता निम्त्याउँछ । अनुत्पादक खर्च बढाउन सरकारले ऋण लिन बाध्य हुन्छ । यसले सार्वजनिक ऋणको बोझ बढाउँछ र भावी पुस्तामाथि आर्थिक दबाब सिर्जना गर्छ । श्रीलंकाको हालैको आर्थिक संकट यसकै प्रत्यक्ष परिणाम हो । श्रीलंकाले दशकौँसम्म अनुत्पादक र भ्रष्ट परियोजनाहरूमा ठूलो खर्च गऱ्यो, जसको परिणामस्वरूप सन् २०२२ मा देश टाट पल्टिन पुग्यो ।

चौथो, नेपालमा पनि महँगी र बेरोजगारी बढ्नुमा यसको भूमिका छ । भ्रष्टाचारले मूल्य वृद्धि गराउँछ किनभने ठेक्का र खरिदमा कमिसनको रकम अन्ततः उपभोक्ताले तिर्नुपर्छ । अनुत्पादक खर्चले रोजगारी सिर्जना हुँदैन र बेरोजगारी बढ्छ ।

पाँचौँ, यसले लगानीको वातावरण बिगार्छ । जब शासन प्रणाली भ्रष्ट हुन्छ, तब घरेलु र विदेशी लगानीकर्ताहरू लगानी गर्न हिचकिचाउँछन् । उनीहरूलाई थाहा हुन्छ कि व्यापार सफल हुनका लागि दक्षताभन्दा राजनीतिक सम्बन्ध महत्त्वपूर्ण छ । यसले स्वस्थ आर्थिक प्रतिस्पर्धालाई बाधा पुऱ्याउँछ ।  संस्थागत रूपमा प्रशासन राजनीतिक दबाबमा पर्छ । निष्पक्ष र स्वतन्त्र हुनुपर्ने सरकारी कर्मचारीहरू राजनीतिक प्रभावमा काम गर्न बाध्य हुन्छन् । नियामक निकायहरू कमजोर हुन्छन् र आफ्नो काम प्रभावकारी रूपमा गर्न सक्दैनन् । निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग जस्ता संवैधानिक निकायहरू राजनीतिक हस्तक्षेपका कारण स्वतन्त्र रूपमा काम गर्न सक्दैनन् ।

पूर्वी युरोपका देशहरूमा यसले युरोपियन युनियनमा आबद्ध हुने प्रक्रिया अवरुद्ध गरेको छ । रोमानिया र बुल्गेरिया जस्ता देशहरूमा भ्रष्टाचारकै कारण पूर्ण सदस्यता प्राप्त गर्न ढिलाइ भएको छ । नेपालमा कर्मचारीतन्त्र स्वतन्त्र नहुनुले समस्या बढाएको छ । सरकारी कर्मचारीहरूको सरुवा, बढुवा, पुरस्कार र कारबाही राजनीतिक

❖ बाँकी तेस्रो पृष्ठमा

# डेढ लाख निर्वाचन प्रहरीलाई २५ माघमा फिल्डमा खटाइने

काठमाडौँ । प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षार्थ भर्ना हुने निर्वाचन प्रहरी (साविकमा म्यादी प्रहरी)लाई माघ २५ गतेदेखि फिल्डमा खटाइने भएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) मातहत परिचालन हुने गरी छनौट हुन लागेका निर्वाचन प्रहरीलाई १५ माघमा नियुक्ति पत्र दिएर १० दिनसम्म आधारभूत तालिम र त्यसको १० दिनपछि २५ माघदेखि तोकिएको कार्यक्षेत्रमा खटाउन लागिएको हो । २१ फागुनका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ ११० र प्रत्यक्षतर्फ १६५ सदस्य गरी कूल २७५ सिटको एकै दिन चुनाव हुँदै छ । त्यसका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र र राष्ट्रिय अनुसन्धान विभागबाट करिब १ लाख ८८ हजार जनशक्ति चुनावी सुरक्षामा खटिँदैछन् । यसबाहेक नेपाल प्रहरी मातहत रहने गरी १ लाख ३३ हजार ९ सय ८० र सशस्त्र प्रहरी मातहत खटिने गरी १५ हजार १ सय १० गरी कूल १ लाख ४९ हजार ९० जना निर्वाचन प्रहरी चुनावी सुरक्षामा तैनाथ गर्न लागिएको छ । २५ पुसबाट ७७ वटै जिल्लाका प्रहरी र सशस्त्रका युनिटबाट भर्ना आवेदन खुलाइएकामा ३ माघसम्म करिब २ लाख जनाले निर्वाचन प्रहरीमा आवेदन दिएकामा उनीहरुको अहिले परीक्षा सञ्चालन भइरहेको छ । नेपाल प्रहरीका प्रवक्ता डीआईजी अविनारायण काफ्लेका अनुसार देशभर निर्वाचन प्रहरी छनौट कार्य चलिरहेको र केही दिनभित्रै तोकिएको कोटामा जनशक्ति छनौट हुनेछन् ।

'अहिले निर्वाचन प्रहरी छनौटको काम भइरहेको छ, निर्धारित संख्यामा जनशक्ति छनौट गरी ४० दिन कार्यअवधि तोकेर परिचालन गर्न लागिएको छ,' प्रवक्ता काफ्लेले भने, 'सोहीअनुसार १५ माघमा नियुक्ति, त्यसपछि १० दिन तालीम गराएर २५ गतेबाट फिल्डमा परिचालन गर्ने र त्यसको एक महिनासम्म काम गरेर २५ फागुनमा उनीहरुलाई विदाई गर्ने भन्ने छ ।' निर्वाचन प्रहरीलाई सरकारले ४० दिन कार्यअवधि तोकेमामा १० दिन तालिम र बाँकी एक महिना निर्वाचन सुरक्षामा प्रहरी र सशस्त्रअन्तर्गत परिचालन हुने गरी मापदण्ड बनाएको थियो । निर्वाचन प्रहरीमा भर्ना हुनेले प्रहरी र सशस्त्र प्रहरीका जवानको आधारभूत तलबमान र लत्ताकपडा तथा रासनभत्ताअनुसारको सुविधा पाउनेछन् । जसअनुसार जवानसरहको आधारभूत तलबमानअनुसार हुन आउने रकमअनुसार एकजना निर्वाचन प्रहरीलाई दैनिक ८६९ रुपैयाँ ४० पैसाले हुने ४० दिनको ३४ हजार रुपैयाँ तलब, जिल्ला दररेट निर्धारण समितिले तोकेअनुसार सुरक्षाकर्मीले पाएसरह ४० दिनको रासन भत्ता (जिल्लाअनुसार फरक-फरक), निर्वाचनमा खटाइएको ठाउँमा जान र फर्किनलाई एक पटकका लागि प्रतिव्यक्ति ८४६ रुपैयाँ (यातायात भत्ता), चार दिनका लागि प्रतिदिन ३ सय रुपैयाँका दरले खाजा खर्चबापत एकमुष्ट १२ सय रुपैयाँ तथा जिल्लाको मौसमअनुसार प्रहरी र सशस्त्रले त्यस जिल्लामा निर्धारण गरेको पोसाक भत्ताअनुसार एकसरो कपडाको खर्च उपलब्ध गराइने छ । यसरी दिइने सबै रकम सम्बन्धित निर्वाचन प्रहरीको बैंक खातामा पठाइनेछ ।

निर्वाचनमा खटिने यो जनशक्ति कर्तव्य पालनाका क्रममा घाइते भएमा घाइते स्वयं र मृत्यु भएमा सरकारले तोकेअनुसारको क्षतिपूर्ति रकम नजिकको हकवालालाई उपलब्ध गराइने छ । निर्वाचनअगावै तोकिएको स्थानमा नगई गैरहाजिर हुने, जिम्मेवारी पूरा नगरी भाग्नेलाई तोकिएका कुनै पनि सुविधा नदिइने पनि गृह मन्त्रालयबाट स्वीकृत मापदण्डमा उल्लेख छ । यस्तै कथम् निर्वाचन रद्द भएमा वा स्थगित भएमा तालिममा रहेको भए पनि नियुक्ति स्वतः रद्द/बदर हुनेछ ।

# निर्वाचन खर्च ६ प्रतिशतले बढाइयो

काठमाडौं । पछिल्ला निर्वाचन र आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सरकारले विनियोजन गरेको बजेटको तथ्यांक हेर्दा मूल्यवृद्धिअनुसार निर्वाचन पनि खर्चिलो बन्दै गएको देखिन्छ । अझ कुल निर्वाचन खर्चमा सुरक्षा निकायहरूको खर्च उच्च देखिन्छ ।

निर्वाचनका लागि पूर्वबजेटिङ नभएकाले यसपटक सरकारले आन्तरिक बजेट र रकमान्तर (बजेट स्थानान्तरण) मार्फत् रकम जुटाएर खर्चको सहमति दिएको छ । यसपटकको बजेटमा प्रतिनिधिसभा निर्वाचनका लागि बजेट विनियोजन नगरिए पनि अर्थ मन्त्रालयले कुल १९ अर्ब १० करोड रुपैयाँ हाराहारीमा बजेट खर्च गर्न सहमति दिएको छ । यो अघिल्लो निर्वाचनको तुलनामा झण्डै ६ प्रतिशत बढी हो ।

आर्थिक वर्ष २०७९/८० मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा १८ अर्ब ५ करोड ४८ लाख रुपैयाँ बजेट स्वीकृत गरिएको थियो । तर, त्यतिबेला उक्त रकमको ९१.३७ प्रतिशत अर्थात १६ अर्ब ४९ करोड ७३ लाख रुपैयाँ मात्रै खर्च भएको थियो । बाँकी १ अर्ब ५५ करोड ७५ लाख रुपैयाँ खर्च नभएको निर्वाचन बजेट अर्थ मन्त्रालयलाई फिर्ता दिईएको थियो । उक्त फिर्ता रकममा सबैभन्दा बढी निर्वाचन आयोगले १ अर्ब ५३ करोड ७० लाख रुपैयाँ र गृह मन्त्रालयले २ करोड ५ लाख रुपैयाँ फिर्ता गरेको थियो । तर, रक्षा मन्त्रालयले भने शतप्रतिशत खर्च गरेको थियो ।

त्यसअघि, आर्थिक वर्ष २०७८/७९मा सम्पन्न स्थानीय तहको निर्वाचनका लागि कुल १३ अर्ब ३१ करोड ५४ लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो । जसमध्ये १२ अर्ब ८ करोड ९८ लाख रुपैयाँ खर्च भयो । त्यसबेला कुल विनियोजित बजेटको ९०.८० प्रतिशत खर्च भयो । बाँकी ९.२० प्रतिशत अर्थात् १ अर्ब २२ करोड ५६ लाख रुपैयाँ बचेको रकम अर्थ मन्त्रालयलाई फिर्ता गरिएको थियो ।

आ.व. २०८२/८३ को प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अर्थ मन्त्रालयले सम्बन्धित ३ निकायलाई बजेट खर्चको सहमति दिइसकेको छ । यसअन्तर्गतका निकायमा निर्वाचन आयोग, गृह मन्त्रालय र रक्षा मन्त्रालय हुन् ।

कुल निर्वाचन बजेटको ठूलो हिस्सा गृह मन्त्रालयले ओगटेको छ । बढी गृह मन्त्रालयलाई १० अर्ब ३९ करोड रुपैयाँ खर्चको स्वीकृति दिइएको छ । यो निर्वाचनका लागि कुल स्वीकृत बजेट १९ अर्बको ५४ प्रतिशतभन्दा बढी हो । यसले नेपालमा निर्वाचनको समयमा सुरक्षा व्यवस्थापनमा सबैभन्दा बढी खर्च हुने गरेको यथार्थलाई पुष्टि गर्दछ । अघिल्लो पटक (आ.व २०७९/८०) को प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा गृह मन्त्रालयलाई ८ अर्ब ७० करोड ६८ लाख विनियोजन गरिएको थियो । यसको तुलनामा अहिले १९.५ प्रतिशतले बढेको छ ।

यस्तै, विनियोजित बजेटमा रक्षा मन्त्रालयको लागि १०३.६२ प्रतिशतको वृद्धि गर्दै १ अर्ब ९९ करोड रुपैयाँ पुऱ्याइएको छ ।

तर, यसको विपरीत निर्वाचन व्यवस्थापन गर्ने मुख्य निकाय निर्वाचन आयोगको बजेटमा भने अहिले १९.५२ प्रतिशत घटाइएको देखिन्छ । यसपटकको निर्वाचनमा आयोगका लागि ६ अर्ब ७२ करोड रुपैयाँ मात्र स्वीकृत गरिएको छ । जबकि अघिल्लो निर्वाचनमा आयोगको बजेट ८ अर्ब ३५ करोड २ लाख रुपैयाँ विनियोजन गरिएको थियो । हुनत यसअघिको निर्वाचनमा सबैभन्दा बढी बचत गरेर आयोगले अर्थ मन्त्रालयलाई फिर्ता दिएको थियो ।

विशेष गरी निर्वाचन व्यवस्थापन गर्ने निकाय निर्वाचन आयोगको तुलनामा सुरक्षा व्यवस्थापन गर्ने गृह र रक्षा मन्त्रालयले विनियोजित बजेटको अधिकतम हिस्सा खर्च हुँदै आएको छ । जसले निर्वाचनपिच्छे सुरक्षा र व्यवस्थापकीय खर्चमा बढोत्तरी हुँदै गएको देखिन्छ । यसले राज्य कोषमाथि भार थपिँदै गएको संकेत गर्छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेय विगतका निर्वाचनको तुलनामा यसपटक महँगीका कारण लागत केही बढको बताउँछन् । प्रवक्ता पाण्डेयका अनुसार यसबीच १० देखि २० प्रतिशतसम्मको मूल्यवृद्धि र निर्वाचनका बढ्दो चुनौतीहरूका कारण खर्चको आकार बढेको हो ।

"गत पटकको तुलनामा सुरक्षा र व्यवस्थापनमा थप कडाइ गर्नुपर्ने भएकाले खर्चमा वृद्धि भएको हो," पाण्डेयले भने, "अर्थ मन्त्रालयले भने निर्वाचनलाई मितव्ययी बनाउन र आर्थिक अनुशासन कायम गर्न जोड दिएको छ ।" गृह मन्त्रालयअन्तर्गतको बजेट मुख्यतः नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय र निर्वाचन प्रहरीको परिचालनमा खर्च हुनेछ । निर्वाचनका लागि देशभर १ लाख ३५ हजार निर्वाचन प्रहरी राख्ने प्रस्ताव गरिएको छ । त्यसको खर्च यही बजेटबाट व्यहोरिनेछ । सीडीओ कार्यालयहरूले भने निर्वाचन समन्वय, आन्तरिक सुरक्षा, मतपेटिका ढुवानी र अनुगमनजस्ता कार्यहरूमा खर्च गर्नेछन् ।

## निर्वाचनकेन्द्रित...

आधारमा हुने गर्छ । यसले राज्य संयन्त्र ध्वस्त बनाउँछ । न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको शक्ति पृथकीकरण र सन्तुलन कमजोर हुन्छ । संस्थागत जवाफदेहिता समाप्त हुन्छ । यो प्रभावले आर्थिक वृद्धि रोक्छ र गरिबी बढाउँछ । भ्रष्टाचारले विकासको लाभ साधारण नागरि कसम्म पुग्न दिँदैन र असमानता बढाउँछ ।

**नागरिक मनोविज्ञानमा पर्ने गम्भीर असर**

बारम्बार भ्रष्टाचार देख्दा नागरिकहरूमा "सबै नेता उस्तै हुन्" भन्ने निराशा र उदासीनता फैलिन्छ । यो सबैभन्दा खतरनाक प्रभाव हो किनभने यसले लोकतन्त्रको आधार नै कमजोर बनाउँछ । यस अवस्थालाई राजनीति शास्त्रमा 'न्यून अपेक्षा सन्तुलन' भनिन्छ । यो एक मनोवैज्ञानिक अवस्था हो जहाँ नागरिकहरूले राजनीतिक नेताहरूबाट केही राम्रो हुने अपेक्षा नै गर्न छाड्छन् ।यस्तो अवस्थामा राजनीतिक सहभागिता घट्छ र मतदानको दर लगातार कम हुँदै जान्छ । नेपालमा पछिल्ला निर्वाचनहरूमा मतदानको दर क्रमशः घटिरहेको छ । विशेष गरी सहरी क्षेत्रमा र शिक्षित युवाहरूमा मतदानको रुचि कम हुनुले प्रणालीप्रतिको विश्वास धर्मराएको संकेत गर्छ । युवा पुस्ता राजनीतिबाट टाढिन्छन् । योग्य र इमानदार युवाहरू राजनीतिमा प्रवेश गर्न चाहँदैनन् किनभने उनीहरूले राजनीतिलाई भ्रष्ट र निराशाजनक क्षेत्रको रूपमा बुझ्न थालेका छन् । यसले राजनीतिमा नयाँ विचार र ऊर्जाको अभाव सिर्जना गर्छ ।

यसबाट नागरिकहरूमा लोकतान्त्रिक थकानको स्थिति सिर्जना हुन्छ । नागरिकहरू लोकतान्त्रिक प्रक्रियामा विश्वास गुमाउँछन् र वैकल्पिक वा अपारदर्शी शासन प्रणालीतर्फ आकर्षित हुन सक्छन् । इतिहासले देखाएको छ कि लोकतन्त्र प्रायः बाह्य आक्रमणभन्दा पनि यही आन्तरिक निराशाबाट कमजोर हुन्छ । बीसौँ शताब्दीमा जर्मनी, इटाली र स्पेनमा लोकतन्त्र असफल हुनुको एउटा मुख्य कारण जनतामा व्याप्त निराशा र थकान नै थियो ।

नेपालमा पनि मतदानको दर घट्दै गएको तथ्यांकले देखाउँछ । वि.सं. २०७४ को स्थानीय निर्वाचनमा करिब ७४ प्रतिशत मतदान भएको थियो भने २०७९ मा यो घटेर ६४ प्रतिशतमा झरेको थियो । यसले प्रणालीप्रतिको विश्वासमा आएको ह्रासलाई पुष्टि गर्छ । जब भ्रष्टाचार सामान्य बन्छ, तब समाजमा विश्वास र सहकार्यको संस्कृति कमजोर हुन्छ । मानिसहरू एकअर्कामा शंका गर्न थाल्छन् र सामूहिक हितका कार्यमा सहभागी हुन चाहँदैनन् । यो असरले सामाजिक अस्थिरता निम्त्याउन सक्छ र चरम अवस्थामा यसले आन्दोलन वा हिंसात्मक घटनाहरूको समेत जोखिम बढाउँछ ।

**सुधारका लागि अन्तर्राष्ट्रिय सफल उदाहरणहरू**

विश्वका केही देशहरूले निर्वाचन भ्रष्टाचार नियन्त्रण गर्न सफलता प्राप्त गरेका छन् । दक्षिण कोरिया, चिली र इन्डोनेसियाले कडा निर्वाचन खर्च नियन्त्रण, पारदर्शी चन्दा व्यवस्था, छिटो न्यायिक कारबाही तथा बलियो भ्रष्टाचार नियन्त्रण निकायमार्फत यो समस्या न्यून गरेका छन् ।

**दक्षिण कोरियाको अनुभव:**

दक्षिण कोरियाले सन् १९९० को दशकदेखि निर्वाचन सुधारमा विशेष जोड दियो । उसले 'राजनीतिक कोष ऐन' लागू गरी चन्दाको पारदर्शिता बढायो । त्यहाँ सबै राजनीतिक चन्दा सार्वजनिक गरिन्छ र त्यसको विवरण तत्काल जानकारी दिनुपर्ने व्यवस्था छ । निर्वाचन खर्चको कडा सीमा तोकिएको छ र त्यसको उल्लंघन गर्नेलाई कडा सजाय दिइन्छ । दक्षिण कोरियाले त पूर्व राष्ट्रपतिहरूलाई समेत भ्रष्टाचारको अभियोगमा सजाय दिएर कानुनको शासन सबैका लागि बराबर छ भन्ने सन्देश दिएको छ ।

**चिलीको अनुभव:**

चिलीले सन् २०१४ मा निर्वाचन सुधार कानुन ल्यायो, जसले व्यावसायिक घरानाहरूबाट लिइने चन्दामा प्रतिबन्ध लगायो र व्यक्तिगत चन्दाको सीमा तोक्यो । सबै चन्दा अनिवार्य रूपमा सार्वजनिक गरिन्छ र चन्ददाताको विवरण पारदर्शी बनाइन्छ । राज्यले नै राजनीतिक दलहरूलाई सार्वजनिक कोष उपलब्ध गराउँछ, जसले गर्दा निजी चन्दामाथिको निर्भरता कम भएको छ र नागरिकको विश्वास बढेको छ ।

**इन्डोनेसियाको अनुभव:**

इन्डोनेसियाको 'भ्रष्टाचार उन्मूलन आयोग' एसियाकै सबैभन्दा शक्तिशाली र प्रभावकारी संस्थाको रूपमा चिनिन्छ । यसले मन्त्री, सांसद र गभर्नर जस्ता शक्तिशाली व्यक्तिहरूलाई समेत कारबाहीको दायरामा ल्याएको छ । यस आयोगले स्वतन्त्र रूपमा अनुसन्धान र कारबाही गर्न सक्छ र यसमा राजनीतिक हस्तक्षेप पूर्ण रूपमा निषेध गरिएको छ ।

यी देशहरूले राजनीतिक इच्छाशक्ति र संस्थागत सुधारबाट सफलता प्राप्त गरेका हुन् । नेपालले पनि यी अनुभवबाट पाठ सिक्न सक्छ । यद्यपि, यी उदाहरणहरूलाई हुबहु प्रतिलिपि नगरी नेपालको आफ्नै राजनीतिक, सामाजिक र आर्थिक परिवेश अनुकूल परिमार्जन गर्न आवश्यक छ ।

**नेपालमा सुधारका लागि आवश्यक मुख्य उपायहरू**

नेपालमा सुधारका लागि कानुनी र संस्थागत सुधार, राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र र नागरिक सक्रियता गरी तीनवटा तहमा काम गर्नुपर्छः

**१. निर्वाचन खर्चको कडा अनुगमन र नियन्त्रण:**

उम्मेदवारहरूले निर्वाचनका बेला गर्ने खर्चको विवरण वास्तविक समयमै सार्वजनिक गर्ने व्यवस्था हुनुपर्छ । निर्वाचन आयोगले स्वतन्त्र लेखापरीक्षण मार्फत सबै उम्मेदवार हरूको खर्च जाँच गर्नुपर्छ र झुठो विवरण दिनेलाई कडा कारबाही गर्नुपर्छ । साथै, सबै राजनीतिक चन्दा बैंकमार्फत मात्र लिने अनिवार्य व्यवस्था गरी अवैध पैसाको प्रयोग रोक्नुपर्छ ।

**२. भ्रष्टाचारको मूल्य बढाउने कानुनी व्यवस्था:**

निर्वाचन सम्बन्धी भ्रष्टाचारका मुद्दाहरूलाई छिटो छरितो ढंगले फैसला गर्न छुट्टै विशेष अदालत वा द्रुत सुनुवाइ प्रणाली स्थापना गर्नुपर्छ । भ्रष्टाचारबाट आर्जन गरिएको सम्पत्ति तुरुन्त जफत गर्ने र दोषी ठहरिएका व्यक्तिलाई निश्चित अवधिसम्म निर्वाचनमा उठ्न नपाउने गरी प्रतिबन्ध लगाउनुपर्छ । साथै, भ्रष्टाचारको जानकारी दिने व्यक्तिहरूको सुरक्षा र प्रोत्साहनका लागि बलियो कानुनी व्यवस्था हुनुपर्छ ।

**३. नागरिक सक्रियता र सामाजिक उत्तरदायित्व:**

मतदाताहरूलाई उनीहरूको मतको महत्त्व र उम्मेदवारको योग्यता मूल्याङ्कन गर्ने तरिकाबारे शिक्षित गराउनुपर्छ । समुदाय स्तरमा नागरिक निगरानी समूहहरू गठन गरी मत खरिद वा अनियमितताको रिपोर्ट गर्ने संयन्त्र बनाउनुपर्छ । यसमा युवा र नागरिक समाजको सक्रियतासँगै सञ्चार माध्यमले पनि अनुसन्धानात्मक भूमिका निर्वाह गर्नुपर्छ ।

**४. राजनीतिक दलहरूको आन्तरिक सुधार:**

दलहरूले उम्मेदवार छनोट गर्दा आफ्ना सदस्यहरूबीच आन्तरिक प्रतिस्पर्धा वा प्राथमिक निर्वाचन गराएर योग्य व्यक्ति छान्न सुरु गर्नुपर्छ । दलहरूको आम्दानी र खर्चको विस्तृत विवरण नियमित रूपमा सार्वजनिक हुनुपर्छ । राज्यले नै निश्चित मापदण्डका आधारमा दलहरूलाई आर्थिक सहयोग दिने 'सार्वजनिक कोष' को व्यवस्था गर्दा निजी स्वार्थ समूहको प्रभाव कम हुन सक्छ ।

**५. प्रविधिको प्रयोग र नवीनता:**

डिजिटल प्रविधिको प्रयोग गरी पारदर्शिता बढाउन सकिन्छ । मोबाइल एप मार्फत नागरिकहरूले निर्वाचनका बेला हुने अनियमितताको तत्काल उजुरी गर्न सक्ने व्यवस्था मिलाउनुपर्छ । आधुनिक सूचना प्रविधि र कृत्रिम बुद्धिमत्ताको प्रयोग गरी शंकास्पद खर्च र चन्दाको पहिचान गर्न सकिन्छ ।

**निष्कर्ष: स्वच्छ निर्वाचन- लोकतन्त्रको भविष्य**

नेपालको आगामी निर्वाचन केवल सत्ता हस्तान्तरणको औपचारिक प्रक्रिया होइन । यो हाम्रो लोकतन्त्र सार्वजनिक सम्पत्तिको रूपमा रहने कि निजी लगानीको व्यापार बन्ने भन्ने निर्णायक मोड हो । यदि निर्वाचन स्वच्छ भएन भने शासन स्वच्छ हुन सक्दैन । जब निर्वाचनमा पैसाको बलमा जितिन्छ, तब निर्वाचित प्रतिनिधिहरूबाट जनहितको अपेक्षा गर्नु निरर्थक हुन्छ ।

शासन स्वच्छ नभए अर्थतन्त्र बलियो हुन सक्दैन । भ्रष्ट शासनले लगानीको वातावरण बिगार्छ र सार्वजनिक स्रोतको दुरुपयोग बढाउँछ । महँगो निर्वाचनले अन्ततः लोकतन्त्रलाई नै कमजोर र सस्तो बनाउँछ । यो विनाशकारी चक्र तोड्ने जिम्मेवारी राजनीतिक दल, राज्य संयन्त्र र सम्पूर्ण सचेत नागरिकको साझा दायित्व हो ।

समयमै सुधार नगरे नेपालको लोकतान्त्रिक र आर्थिक भविष्य गम्भीर जोखिममा पर्नेछ । स्वच्छ निर्वाचन, जवाफदेही शासन र समृद्ध अर्थतन्त्र एकअर्काका पूरक हुन् । निर्वाचन भ्रष्टाचार विरुद्धको यो संघर्ष केवल कानुनी प्रश्न मात्र होइन, यो हाम्रा भावी सन्ततिले कस्तो नेपाल पाउनेछन् भन्ने प्रश्न पनि हो । तसर्थ, स्वच्छ निर्वाचन नेपालको सपना मात्र होइन, यो आजको अनिवार्य आवश्यकता हो । रातोपाटीबाट

# झापामा पनि भन्सार दिवस मनाइँदैं

मेचीनगर । विगत बर्षझैं यस बर्ष पनि ७४ औँ अन्तर्राष्ट्रिय भन्सार दिवस विभिन्न कार्यक्रम गरेर मनाइँदैछ । हरेक वर्षको जनवरी २६ का दिन यो दिवस विश्वभर मनाउने गरिन्छ ।

विश्व भन्सार संगठनको निर्णयअनुसार हरेक जनवरी २६ मा यो दिवस मनाउन थालिएको हो । यस वर्ष यो दिवसको मुख्य नारा 'सतर्कता र प्रतिवद्धतासहित समाजको सुरक्षा गर्दै भन्सार' भन्ने रहेको छ । नेपालमा पनि विभिन्न जागरणका कार्यक्रम अनि गोष्ठीलगायत नागरिक उत्प्रेरणात्मक कार्यक्रम गरेर भन्सार दिवस मनाइन्छ । सोमबार माघ १२ गते पर्न गएको ७४ औँ अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा मेची भन्सार कार्यालय काँकडभिट्टाले तीन दिवसीय कार्यक्रम गर्ने भएको छ ।

सरसफाई, आँखा शिविर, प्रभातफेरिसहित प्रचार प्रसार र पुरस्कार वितरण सम्मान तथा चियापान कार्यक्रमसहित दिवस मनाउने योजना रहेको छ । मेची भन्सार कार्यालयले माघ १० गते सरसफाई, माघ ११ गते आँखा शिविर, माघ १२ गते बिहान प्रभातफेरि र प्रचार प्रसार र ११ बजेदेखि पुरस्कार वितरण, सम्मान तथा चियापान कार्यक्रम गरिने प्रमुख भन्सार अधिकृत शिवलाल न्यौपानेले जानकारी दिए ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

# आजको राशिफल

**मेष:** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष:** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन:** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट:** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह:** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या:** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला:** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक:** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु:** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ:** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मीन:** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ